विधेयक संख्याः २

# विनियोजन विधेयक
## २०७५

## आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २०५ बमोजिमको प्रदेश नं ७ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७४/७५ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची -१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लेखित चालु खर्च र महल ४ मा उल्लेखित पुँजीगत खर्चतर्फको रकम समेत गरी महल ६ मा उल्लेखित जम्मा रू. १,०१,९४,०६,०००।- (अक्षरेपी एक अर्ब एक करोड चौरान्नब्बे लाख छ हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा प्रदेश सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चतर्फ सार्न सकिने छैन।

प्रदेश सभा प्रदेश नं ७ धनगढी, कैलाली नेपाल

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) चालु आर्थिक वर्षमा प्रदेशसभा एवं विभिन्न निकाय, मन्त्रालय तथा सचिवालयहरु स्थापना गर्न संघीय सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत वित्तीय समानिकरण अनुदान बजेट उपशीर्षक नं ७०११०७३ बाट निकासा भएको रकममध्ये यो ऐन प्रस्तुत गर्नुअघिसम्म अनुसूची -३ बमोजिम चालुतर्फ रु २ करोड ४१ लाख ८७ हजार २ सय ९२ रुपैयाँ पैसा २० र पूँजीगततर्फ रु १ करोड ५१ लाख ७३ हजार ३ सय ३८ रुपैयाँ गरी जम्मा रु ३ करोड ९३ लाख ६० हजार ६ सय ३० रुपैयाँ पैसा २० खर्च भइसकेको छ । सो खर्च यसै विनियोजन ऐन बमोजिम खर्च भएको मानिनेछ ।

प्रदेश सभा
प्रदेश नं ७, धनगढी, कैलाली
नेपाल

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

<u>प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क.स | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | १०९४ | ० | ० | १०९४ |
| | जम्मा | १०९४ | ० | ० | १०९४ |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी, कैलाली
नेपाल

अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क.स | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ६३१४१ | १७२०० | ० | ८०३४१ |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | ५५८४ | १६०० | ० | ७१८४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३०१०३ | ८८०० | ० | ३८९०३ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३४५१५ | १९१०० | ० | ५३६१५ |
| ५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५५२८ | १०००० | ० | ३५५२८ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४४९४ | ३०००० | ० | ५४४९४ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २९३७८ | १२३०० | ० | ४१६७८ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८८५ | ४०२०० | ० | ५६०८५ |
| ९ | सामाजिक विकास मन्त्रालय | ७१०५५ | १६५०० | ० | ८७५५५ |
| १० | अर्थ विविध | | | | |
| | पारिश्रमिक पदाधिकारी | १००० | ० | ० | १००० |
| | औषधि उपचार | ५०० | ० | ० | ५०० |
| | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३००० | ० | ० | ३००० |
| | न्यायिक फिर्ता | २०० | ० | ० | २०० |
| | भैपरी आउने | ५३७९२३ | २१४०० | ० | ५५९३२३ |
| | जम्मा | ८४२३०६ | १७७१०० | ० | १०१९४०६ |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी, कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी, कैलाली
नेपाल

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

**संघीय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान बजेटबाट खर्च भई सकेको रकम**

रु. हजारमा

| क्र.सं. | निकायको नाम | चालु तर्फको जम्मा | पूँजीगत तर्फको जम्मा | जम्मा खर्च |
|---|---|---|---|---|
| | | खर्च | खर्च | |
| १ | प्रदेश सभा सचिवालय | ९,८४६।५० | २,४२५।३१ | १२,२७१।८१ |
| २ | सामाजिक विकास मन्त्रालय | ६५६।२२ | २,९४२।०१ | ३,५९८।२३ |
| ३ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १,५२७।४२ | ३,४६०।३३ | ४,९८७।७६ |
| ४ | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १,४६०।२७ | १,०२५।७१ | २,४८५।९८ |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २,१३५।१५ | ९३१।३४ | ३,०६६।४९ |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १,८८०।२८ | १,४९८।९३ | ३,३७९।२१ |
| ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १,१४८।४२ | | १,१४८।४२ |
| ८ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५,५३३।०३ | २,८८९।७० | ८,४२२।७३ |
| | कुल जम्मा | २४,१८७।२९ | १५,१७३।३४ | ३९,३६०।६३ |

प्रदेश सभाको सम्वत् २०७५ साल बैशाख १५ गते शनिबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

मा. अर्जुन बहादुर थापा
सभामुख
प्रदेश सभा

माननीय सभामुख

प्रदेश नं. ७ प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मोहनराज मल्ल

मिति:-[illegible]/१/१५

मा. मोहन राज मल्ल
प्रदेश प्रमुख

प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
प्रदेश नम्बर ७
धनगढी